गाउँ कार्यपालिकाको कार्यालय गल्छी गाउँपालिका बैरेनी, धादिङ बागमती प्रदेश, नेपाल

## बैठक संख्याः १२, मितिः २०७९ चैत्र २१

## निर्णयहरु

**प्रस्ताव नं. १ : बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : दफावार छलफल सहित विधान समितिबाट सिफारिस भएका ऐनहरु सम्बन्धमा।**

**निर्णयः** विधान समितिबाट सिफारिस भएका तपसिलका ऐनहरु आगामी गाउँसभामा पेश गर्ने ।

**तपसिलः**

१. संघ संस्था दर्ता ऐन, २०७९ ।

२. उद्योग व्यवसाय दर्ता ऐन, २०७९ ।

**प्रस्ताव नं. ३ः मनकामना आ.वि. को लागि जग्गा खरिद सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिका वडा नं. ५ को मनकामना आ.वि. को नाममा जग्गा खरिद सम्बन्धी प्रकृया अगाडी बढाउने ।

**प्रस्ताव नं. ४ः नागढुंगा-मुग्लिङ सडक योजनाको पूर्व खण्ड सम्बन्धमा ।**

**निर्णयः** नागढुंगा-मुग्लिङ सडक योजना अन्तर्गत गल्छी चोक देखि महेश दोभान पुल सम्मको सडक विस्तारमा कल्भर्ट ठूलो बनाउन प्रस्ताव गर्ने ।

**प्रस्ताव नं. ५ः सरस्वती मा.वि.को विद्यार्थी राजेश श्रेष्ठको उपचार खर्च सम्बन्धमा।**

**निर्णयः** राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, २०७९को क्रममा घाइते भई उपचाररत रहेको वडा नं. १ को सरस्वती मा.वि.को विद्यार्थी श्री राजेश श्रेष्ठको उपचारको लागि रु. १,०८,७६९ (अक्षरुपी एक लाख आठ हजार सात सय उनन्सत्तरी मात्र) रकम विल भर्पाईको आधारमा सामाजिक सुरक्षा आर्थिक सहायता सहित शिर्षकबाट भुक्तानी गर्ने ।

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ६: प्रशासकीय भवन सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिकाको प्रशासकीय भवनको लागि तपसिल बमोजिमको जग्गा प्राप्तिको प्रकृया अगाडी बढाउने ।

तपसिलः

| क्र.सं. | नाम | ठेगाना | कि नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री कुमार रिमाल | गल्छी ६ | ९०२ | ०-२-०-० | |
| २ | श्री जानकी रिमाल | गल्छी ६ | ९०४ | ०-१-३-३ | |
| ३ | श्री सन्तोष रिमाल | गल्छी ६ | १३१७ | ०-२-०-० | |
| ४ | श्री विर बहादुर भण्डारी | गल्छी ६ | १२३७ | ०-५-१-० | |

**प्रस्ताव नं. ७: लोसार पर्वको कार्यक्रमको भूक्तानी सम्बन्धमा।**

**निर्णयः** लोसार पर्वको कार्यक्रममा भएको खर्च विल भर्पाईको आधारमा उपयुक्त शिर्षकबाट भूक्तानी गर्ने।

**प्रस्ताव नं. ८: गल्छी गाउँपालिका वडा नं. ६ मा संचालन रहेको आयुर्वेद सेवा सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिका वडा नं. ६ मा संचालन रहेको तिन दिने आयुर्वेद सेवा लाई हप्ताको एक दिन शुक्रबार मात्र संचालन गर्ने।

**प्रस्ताव नं. ९: नमूना बागेश्वरी क्याम्पस स्व.वि.यू. निर्वाचन प्रयोजन खर्च भूक्तानी सम्बन्धमा।**

**निर्णयः** नमूना बागेश्वरी क्याम्पसको स्व.वि.यू. निर्वाचनमा भएको खर्च रकम विल भर्पाईको आधारमा बढिमा एक लाख रकम बराबर विविध खर्च शिर्षकबाट भूक्तानी गर्ने ।

**प्रस्ताव नं. १०: गल्छी गाउँपालिकाका आठ ओटै वडा तथा गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा सम्बन्धमा।**

**निर्णयः** गल्छी गाउँपालिकाका आठ ओटै वडा तथा गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा मिति २०८० चैत्र मसान्त भित्र बालमैत्री स्थानीय

निर्णय प्रमाणित

लक्ष्मण कुइँकेल
प्रमुख प्रशासकीय अधिकृत

शासनयुक्त गाउँपालिका घोषणा र त्यसको दिगोपना कायम गर्न आगामी गाउँसभामा पेश गर्ने ।

**प्रस्ताव नं. ११: स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाबाट झोलुङ्गे पुलको विवरण माग सम्बन्धमा ।**

**निर्णयः** स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, हेटौंडाबाट झोलुङ्गे पुलको विवरण माग आएकोमा तपसिल बमोजिमको विवरण सिफारिस गर्ने ।

तपसिलः

| ा.नं. | वडा नं | प्रस्तावित झो.पु. को नाम | झो.पु.चाहिने स्थानको नाम | | नदि/खोलाको नाम | नदि/खोलाको चौडाई (मि) | चाहिने झो.पु अनुमानित लम्बाई (मि) | झो.पु.बाट लाभान्वित जनसंख्या | | प्रस्तावित झो.पु र हाल भएको झो.पु/सडक पुलको दुरी(घण्टामा) | | झो.पु.बाट पँहुच हुने सेवाको प्रकार(बजार,स्कुल, स्वास्थ्य केन्द्र अन्य) | प्रस्तावित झो.पु.को स्थानको Co-Ordina | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | | | | दाँया किनारा तर्फ | बाँया किनारा तर्फ | झो.प. | सडक पुल | | दाया किनारा | [illegible] |
| | २ | बसेरी खरिढुङ्गा | गल्छी २, बसेरी | गल्छी २, खरिढुङ्गा | बसेरी खोला | ५०० मिटर | ५०० मिटर | १३०० | १५०० | | १.५ घण्टा | बजार, विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी | | |

**प्रस्ताव नं. १२: गल्छी गाउँपालिकाको प्रशासकीय भवन निर्माण ।**

**निर्णयः** साविकको बैंरेनी गाउँ विकास समितिको नाममा रहेको जग्गामा निर्माणाधिन भवन भएको स्थानमा गल्छी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक बोलपत्र आह्वान प्रकृया अगाडि बढाउने ।

प्रस्ताव नं. १३: गल्छी गाउँपालिका वडा नं ३ को योजना सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको वडाको योजना संशोधनको लागि आगामी गाउँ सभामा पेश गर्ने ।

तपसिलः

| क्र.सं. | वडा | साविकको योजनाको नाम | रकम | संशोधित योजना नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. ३ | छांगेटार सिंचाई पोखरी चाँपको बोट | ३००००० | आँमडाँडा खानेपानी एक घर एक धारा निर्माण | ३००००० | |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १४: भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धी फोकल पर्सन छनौट सम्बन्धमा।**

**निर्णयः** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन सम्बन्धी फोकल पर्सन गाउँपालिकाको सू.प्र.अ. श्री सञ्जीव श्रेष्ठलाई तोक्ने ।

**प्रस्ताव नं. १५ : भूउपयोग कार्यान्वयन समिति गठन सम्बन्धमा ।**

**निर्णयः** भूउपयोग ऐन, २०७९ को दफा २० को उपदफा १ बमोजिम तपसिल बमोजिमको भूउपयोग कार्यान्वयन समिति गठन गर्ने ।

**तपसिलः**

१. गाउँपालिका अध्यक्ष - अध्यक्ष

२. सम्बन्धीत वडाका वडा अध्यक्ष - सदस्य

३. कृषि, वन, भूमि, सहरी विकास तथा भौतिक पूर्वाधार शाखा प्रमुखहरु - सदस्य

४. सुदिप मगर - सदस्य

५. जेठा तामाङ - सदस्य

६. जानुका धिताल - सदस्य

७. भेष कुमारी खनाल - सदस्य

८. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**प्रस्ताव नं. १६: गल्छी गाउँपालिका वडा नं. ४ को ल्याण्ड फिल्ड साइट व्यवस्थापन सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिका वडा नं. ४ स्थित रहेको ल्याण्ड फिल्ड साइट व्यवस्थापन गर्दा भएको खर्च रकम बिल भर्पाईको आधारमा शिर्षक फोहोरमैला व्यवस्थापनबाट भुक्तानी दिने ।

**प्रस्ताव नं. १७: गल्छी गाउँपालिका वडा नं. १ को योजना सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिका वडा नं. १ को दिप पारिलाछाप डुम्रीचौर सडक योजना प्राविधिकको ईस्टिमेट बमोजिम योजना सम्पन्न पश्चात शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी गर्ने ।

निर्णय प्रमाणित

लक्ष्मण कुइकेल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १८: विविध।

निर्णय: तपसिल बमोजिमको निर्णयहरु गरियो ।

१. गल्छी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७६ को दफा ७(५) को प्रावधानमा संशोधन गरि एम्बुलेन्स सेवा प्रदान गरे बापत चालकलाई टिप भत्ता बापत प्रति टिप प्रासहुने भाडाको १०% मात्र समितिको कोषबाट प्रदान गर्ने ।

२. गल्छी गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७८ को दफा ६(१) को प्रावधानमा संशोधन गरि गाउँपालिकाको उपाध्यक्ष पदेन उपाध्यक्ष रहने गरि गाउँपालिका उपाध्यक्ष पदेन उपाध्यक्ष रहने गरि १० सदस्यिय अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको लागि सभामा पेश गर्ने ।

३. गल्छी गाउँपालिका वडा नं. ८ को योजना सन्यासी गाउँ पहिरो नियन्त्रण शिर्षकमा थप रकम रु तिन लाख पचास हजार शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी गर्ने ।

४. आड्रा नेपाल र रिम्स नेपालको सहकार्यमा गल्छी गापा ७ को मछेडिपलाङखर्कमा निर्माण भएको बहुउद्धेश्य खानेपानीको लागि पाइप खरिद रकम रु १७९५८१ शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी दिने ।

५. गल्छी गाउँपालिका वडा नं. १ को कल्लेरीटार घर्तिटार फोस्रेटार विजुली बत्ती मर्मतको लागि रकम रु पाँच लाख शिर्षक विद्युत पोल तथा लाइन विस्तारबाट भुक्तानी गर्ने ।

६. गल्छी गाउँपालिका वडा नं. ३ को सेरा वेसीबाट छोटेटार जोड्ने सडक बाटोको लागि रकम रु दुई लाख शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी गर्ने ।

७. गल्छी गाउँपालिका वडा नं. ७ को ठूला खेतको सिरान कुलो मर्मतको लागि रकम रु तिन लाख शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी गर्ने ।

निर्णय प्रमाणित

लक्ष्मण कट्केल
प्रमुख प्रशासकीय अधिकृत

८. गल्छी गाउँपालिका वडा नं. १ को महेशटार धैरेनी सडक तथा सिंचाईको लागि रकम रु सात लाख शिर्षक विभिन्न निर्माण सुधार योजनाबाट भुक्तानी गर्ने ।

९. गल्छी गाउँपालिका वडा नं. ६ को अधिकारीहरुको कुल मन्दिर भएको स्थानमा घडेरी खारी त्यस स्थानबाट निस्किएको माटो सहितको बालुवा बिक्री गरी कुल मन्दिर र गुरुकुल भवन निर्माण गर्ने ।

निर्णय प्रमाणित

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकीय अधिकृत